# विनयी त्रिवेणी गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

### नगर प्रहरी ऐन, २०८०

मिति २०८०/०३/१२

# विनयी त्रिवेणी गाउँपालिका नगर प्रहरी ऐन, २०८०

**प्रस्तावना :** विनयी त्रिवेणी गाउँपालिका क्षेत्रभित्र प्रचलित कानून तथा समय समयमा हुने निर्णय, नियम, मापदण्ड तथा प्रशासनिक आदेशहरुको कार्यान्वयनमा सहयोग र सहजीकरण गर्न, सार्वजनिक तथा निजी सम्पत्तिको सुरक्षा र संरक्षण गरी गाउँपालिकामा कानूनको शासन स्थापित गर्दै नागरिकलाई न्याय, सुरक्षा तथा व्यवस्थाको प्रत्याभूत गर्न बजार क्षेत्रको प्रभावकारी व्यवस्थापन गर्न, नगरक्षेत्र भित्रका प्राकृतिक तथा सांस्कृतिक साधन स्रोत र सम्पदाको संरक्षण र संवर्द्धन गर्न तथा जुनसुकै बेला आउन सक्ने विपद् वा अन्य आकस्मिक घटनाको तत्काल सम्बोधन र समन्वय गरी नागरिकको जीउ धनको सुरक्षा गर्दै गाउँवासीलाई स्थानीय सरकारको अनुभूति प्रदान गर्नको लागि नगर प्रहरीको गठन, संचालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम विनयी त्रिवेणी गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "विनयी त्रिवेणी गाउँपालिका नगर प्रहरी ऐन, २०८० रहेको छ ।

(२) यो ऐन गाउँसभाले स्विकृत गरेको मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थनलागेमा यस ऐनमाः

क) "गाउँपालिका" भन्नाले विनयी त्रिवेणी गाउँपालिका सम्झनु पर्दछ ।

ख) "सभा" भन्नाले गाउँपालिकाको गाउँ सभा सम्झनु पर्दछ ।

ग) "अध्यक्ष" भन्नाले विनयी त्रिवेणी गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

घ) "उपाध्यक्ष" भन्नाले विनयी त्रिवेणी गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले विनयी त्रिवेणी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

च) "अधिकृत" भन्नाले विनयी त्रिवेणी गाउँपालिकामा कार्यरत अधिकृत कर्मचारी सम्झनु पर्दछ र सो शब्दले अधिकृतको रुपमा काम गर्न नेपाल सरकारबाट गाउँपालिकामा खटाईएको अधिकृतलाई समेत जनाउँछ ।

छ) "तोकिएको" वा "तोकिए बमोजिम भन्नाले यो ऐन वा यस ऐन बमोजिम बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

ज) "जवान" भन्नाले अधिकृत बाहेकका नगर प्रहरी जवान सम्झनु पर्छ ।

झ) "प्रहरी कर्मचारी" भन्नाले यस ऐन बमोजिम गठन भएको नगर प्रहरी सेवामा रहेका प्रहरी अधिकृत र जवान सम्झनुपर्छ ।

## परिच्छेद-२
## नगर प्रहरी सेवा गठन, रेखदेख र नियन्त्रण

**३. नगर प्रहरी सेवाको गठनः**

(१) गाउँपालिकाले एक नगर प्रहरी सेवाको गठन गर्नेछ। नगर प्रहरी सेवामा रहने प्रहरी कर्मचारीको संख्या कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

(२) प्रहरी कर्मचारीको पारिश्रमिक, सुविधा तथा सेवाको अन्य शर्त कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

(३) प्रहरी कर्मचारीको रेखदेख, नियन्त्रण र निर्देशन गर्ने अधिकार कार्यपालिकालाई हुनेछ र कार्यपालिकाको आदेश र निर्देशन पालन गर्नुपर्ने प्रत्येक प्रहरी कर्मचारीको कर्तव्य हुनेछ ।

**४. गाउँपालिकामा रहने प्रहरी कर्मचारीको पद र तहः**

(१) गाउँपालिकामा रहने प्रहरी कर्मचारीको पद र तह तोकिए बमोजिमको हुनेछ ।

(२) गाउँपालिकाले प्रत्येक प्रहरी कर्मचारीको पद अनुसारको कार्यविवरण बनाउनेछ र त्यस्तो कार्यवरणमा सम्बन्धित पदको काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकार समेत उल्लेख गरिनेछ ।

(३) प्रहरी कर्मचारीको परिचालन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (क) को उपखण्ड (२) बमोजिमको कार्यमा गरिनेछ । सो बाहेक अन्य कार्यको हकमा कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद-३
## प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार

**५. प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकारः** प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) गाउँपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(ख) गाउँमा हुने सभा समारोह, परम्परा तथा जात्रा, चाडपर्वको सुरक्षा, व्यवस्थापन गर्ने,

(ग) गाउँको बजार तथा पार्किङ स्थलको रेखदेख र व्यवथापन गर्ने,

(घ) गाउँको सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन गर्ने,

(ङ) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन गर्ने,

(च) सार्वजनिक, ऐलानी र पर्तिजग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा गर्ने,

(छ) विपद व्यवस्थापन अन्तरगत खोजी, उद्दार, राहत तथा पुनस्थापना सम्बन्धी कार्य गर्ने,

(ज) अनधिकृत विज्ञापन तथा होडिङ बोर्ड नियन्त्रण गर्ने,

(झ) छाडा पशु चौपायाको नियन्त्रण गर्ने,

(ञ) अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्ने,

(ट) गाउँ कार्यपालिका तथा वडा कार्यालयको सुरक्षार्थ आवश्यक व्यवस्था मिलाउने,

(ठ) गाउँपालिका क्षेत्रमा घुम्न आउने पर्यटकको सुरक्षाको लागि आवश्यक व्यवस्था गर्ने,

(ड) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अन्य कार्य गर्ने ।

## परिच्छेद-४
## तह विभाजन र पदपूर्ति

### ६. दरबन्दी सिर्जना तथा खारेजीः

(१) गाउँपालिकामा रहने नगर प्रहरीको विभिन्न तहका दरबन्दीको सिर्जना तथा खारेजी कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

(२) दरबन्दी सिर्जना तथा खारेजीको लागि प्रस्ताव पेश गर्नु अघि प्रमुख प्रशासकीय अधिकृतले सो पद सिर्जना गर्नुपर्ने कारण, प्रस्तावित पदले गर्नुपर्ने कामको विवरण, मौजुदा दरबन्दीले थप गरेको कार्यबोझ बहन गर्न सक्ने वा नसक्ने अवस्था, आर्थिक क्षमता तथा प्रस्तावित पदले संगठनात्मक स्वरुपमा पार्ने प्रभाव स्पष्ट गरी कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(३) कार्यपालिकाले आवश्यकता अनुसार प्रचलित कानून बमोजिम सेवा करार मार्फत नगर प्रहरीको सेवा लिनेछ ।

(४) यस ऐन बमोजिम कार्यपालिकाले प्रहरी कर्मचारीको दरबन्दी सिर्जना गर्दा स्थायी दरबन्दी सिर्जना गर्ने छैन ।

(५) गाउँपालिकाको वडा कार्यालयमा समेत नगर प्रहरीको क्रमशः व्यवस्था गरिनेछ ।

### ७. नगर प्रहरीको नियुक्तिः

(१) नगर प्रहरी सेवामा देहायका पदहरु रहने छन् र रिक्त पदमा खुला प्रतियोगिता द्वारा तथा बढ्वा द्वारा पूर्ति गरी नियुक्तिगरिनेछः-

(क) नगर प्रहरी सहायक निरीक्षक

(ख) नगर प्रहरी हवल्दार

(ग) नगर प्रहरी जवान

(२) सेवा गठन गर्दाको बखत नगर प्रहरी नियुक्ति गर्दा प्रचलित कानून बमोजिम सेवा करार मार्फत नगर प्रहरी सहायक निरीक्षक १ जना, नगर प्रहरी हवल्दार २ जना र नगर प्रहरी जवान ८ जनाको लागि मात्र गरिनेछ। अन्य व्यवस्था कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

**८. नियुक्ति गर्ने अधिकारी:** दफा १० बमोजिमको पदपूर्ति समितिको सिफारिसमा छनौट भएका प्रहरी कर्मचारीलाई कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले नियुक्तिपत्र दिनुपर्ने छ।

**९. खुल्ला प्रतियोगिताको लागि योग्यता:**

(१) नगर प्रहरी सहायक निरीक्षक पदको लागि अनुसूची-१ बमोजिमको योग्यता हुनुपर्नेछ ।

(२) नगर प्रहरी हवल्दार पदको लागि हुने खुला प्रतियोगितामा भाग लिन अनुसूची २ बमोजिमको योग्यता हुनुपर्नेछ ।

(३) नगर प्रहरी जवान पदको लागि हुने खुला प्रतियोगितामा भाग लिन अनुसूची ३ बमोजिमको योग्यता हुनुपर्नेछ ।

**१०. पदपूर्ति समिति:** यस ऐन बमोजिम प्रहरी कर्मचारीको पदपूर्तिको लागि कार्यपालिकाले आवश्यकता अनुसार एक पदपूर्ति समिति गठन गर्नेछ। नगर प्रहरीको नयाँ भर्ना तथा पदपूर्तिका लागि छनौट प्रकृयामा विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

**११. पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार:**

(१) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) दफा ७ बमोजिम पदपूर्तिको लागिप्रतिशत निर्धारण गर्ने,

(ख) खुला प्रतियोगिताको लागि पाठ्यक्रम निर्धारण गर्ने,

(ग) पदपूर्ति कार्यतालिका बनाउने,

(घ) परीक्षाको किसिम तोक्ने,

(ङ) पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने,

(च) परीक्षा सञ्चालन तथा नतिजा प्रकाशन गर्ने,

(छ) नियुक्तिका लागि सिफारिश गर्ने,

(ज) लोक सेवा आयोगबाट स्वीकृत प्रहरी सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तमा पदपूर्ति समितिले गर्ने भनी तोकिएका पदपूर्तिसँग सम्बन्धित अन्य कार्य गर्ने ।

(२) पदपूर्ति समितिले नगर प्रहरी सेवा समूहको लागि खुला प्रतियोगिताद्वारा पदपूर्ति गर्ने सम्बन्धमा आवश्यकता अनुसार कार्यविधि बनाई कार्यान्वयन गर्नसक्नेछ ।

**१२. योग्यताक्रम सूची तयार गर्नेः**

(१) पदपूर्ति समितिले उम्मेदवारले प्राप्त गरेको अङ्कको आधारमा योग्यताक्रम सूची तयार गरी नतिजा प्रकाशन गर्नु पर्नेछ। त्यसरी नतिजा प्रकाशन गर्दा कुल रिक्तपदको बढीमा पन्ध्र प्रतिशतसम्म योग्यताक्रमानुसार वैकल्पिक उम्मेदवार राखिनेछ

(२) उपदफा (१) बमोजिम सिफारिस गरिएका व्यक्तिलाई पदपूर्ति समितिले नियुक्ति गर्ने अधिकारी समक्ष नियुक्तिको लागि पेश गर्नेछ ।

(३) नियुक्तिको लागि सिफारिश भएको मितिले पैंतीस दिनभित्र कार्यपालिकाले नियुक्ति दिने निर्णय गरी सक्नु पर्नेछ ।

(४) निर्णय भएको मितिले सात दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले नियुक्तिपत्र दिनु पर्नेछ ।

(५) वैकल्पिक उम्मेदवार छ महिनाभित्र नियुक्ति लिन नआएमा निजको सिफारिस स्वतः खारेज हुनेछ ।

**१३. ज्येष्ठताक्रम कायम गर्नेः**

(१) नगर प्रहरी सहायक निरीक्षकको ज्येष्ठताक्रम कायम गर्दा निजले आधारभूत तालिममा प्राप्त गरेको अङ्कको आधारमा कायम गरिनेछ ।

(२) बहालवाला नगर प्रहरीको हकमा पदपूर्ति समितिले सिफारिस गरेको योग्यताक्रमको आधारमा ज्येष्ठताको क्रम

(३) निर्धारण गरिनेछ ।

**१४. परीक्षणकालमा राखिनेः** नयाँ नियुक्ति प्राप्त प्रहरी कर्मचारीलाई तीन महिनाको परीक्षणकालमा राखिनेछ । सो अवधिमा प्रहरी कर्मचारीले सन्तोषजनक काम नगरेमा कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले निजको नियुक्ति रद् गर्न सक्नेछ।

**१५. नियुक्ति सदर हुनेः** परीक्षणकालमा रहेको प्रहरी कर्मचारीको काम सन्तोष जनक देखिएमा र आधारभूत तालिममा उत्तीर्ण भएमा त्यस्तो प्रहरी कर्मचारीलाई नेपालको राष्ट्रिय झण्डा र गाउँपालिकाको प्रमुख समक्ष शपथ ग्रहण गराई प्रमुख प्रशासकीय अधिकृतबाट नियुक्ति सदर गरिनेछ ।

## परिच्छेद-५
## आचरण

**१६. दान उपहार लिन नहुनेः** प्रहरीले कर्मचारीले गाउँपालिकाको पूर्व स्वीकृत बिना स्वदेशी तथा विदेशी संघ संस्था, निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, बक्सिस, पुरस्कार, कोसेली र उपहार स्वीकार गर्नुहुँदैन ।

**१७.चन्दालिन नहुनेः** कुनै प्रहरी कर्मचारीले गाउँपालिकाको पूर्व स्वीकृति बिना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुँदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिन हुँदैन।

**१८. सम्पत्तिको विवरण पेश गर्नुपर्नेः** प्रहरी कर्मचारीले नियुक्ति भएको मितिले साठी दिन भित्र गाउँ कार्यपालिकाको कार्यालयमा तोकिएको ढाँचामा सम्पत्ति विवरण दाखिला गर्नुपर्नेछ ।

**१९.व्यापार व्यवसाय गर्न नहुनेः** प्रहरी कर्मचारीले कार्यालयको पूर्व स्वीकृती बिना कुनै पनि व्यापार व्यवसाय गर्नुहुँदैन ।

**२०. कर्तव्य पालनाको शिलशिलामा जानकारीमा आएका कुराहरु प्रकाशन गर्न नहुनेः** प्रहरी कर्मचारीले गाउँपालिकाद्वारा अथवा विशेष रुपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा स्थानीय तह वा गैर सरकारी संघ संस्थाबाट प्राप्त गरेका वा आफैले लेखेको अथवा सङ्कलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्षरूपबाट यस ऐन बमोजिमको अधिकार प्राप्त व्यक्ति बाहेक अन्य व्यक्ति वा संस्थालाई जानकारी गराउनु हुँदैन ।

**२१. रेडियो, टेलिभिजन वा पत्रिकासँग सम्पर्क राख्न नहुनेः**

(१) प्रहरी कर्मचारीले गाउँपालिकाको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथवा आम सञ्चारका माध्यमद्वारा प्रसारण गर्न हुँदैन । तर यस्तो प्रकाशन वा प्रसारण साहित्यिक, कलात्मक, ऐतिहासिक, वैज्ञानिक वा व्यावसायिक विषयको भएमा यस्तो स्वीकृति लिइरहनु पर्दैन ।

(२) उपदफा (१) बमोजिम प्रकाशन वा प्रसारण गर्न मिल्ने सामग्रीको सम्बन्धमा त्यस्तो सामग्री प्रकाशन वा प्रसारण गरेपछि गाउँपालिकालाई सोको जानकारी गराउनु पर्दछ ।

**२२. गाउँपालिकाको आलोचनाः** प्रहरी कर्मचारीले गाउँपालिकाको नीतिको विपरीत अथवा गाउँपालिकाको प्रतिष्ठामा आँच आउने गरी फरक विचार व्यक्त गर्ने, सम्बाद, लेख रचना प्रकाशन गर्नु हुँदैन ।

**२३. निर्वाचनमा भाग लिन नहुने:** प्रहरी कर्मचारीले कुनै पनि राजनीतिक दलको निर्वाचनमा भाग लिन वा मत माग्न वा कुनै प्रकारले प्रभाव पार्न हुँदैन ।तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानून बमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्नेछैन ।

**२४. राजनीतिमा भाग लिन नहुने:** प्रहरी कर्मचारीले कुनै राजनीतिक दल र सोसँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनीतिक संस्थालाई चन्दा दिन अथवा कुनै राजनीतिक संस्था वा आन्दोलनलाई सहयोग गर्नहुँदैन ।

**२५. समय पालन र नियमितता:** प्रहरी कर्मचारीले ठिक समयमा तथा नियमित रुपमा आफ्नो पालोमा हाजिर हुनुपर्दछ र स्वीकृत गराएर मात्र बिदामा बस्नुपर्नेछ ।

**२६. अनुशासन र आज्ञापालन:**

(१) प्रहरी कर्मचारीले अनुशासित भई तत्परताका साथ आफ्नो कर्तव्य पालना गर्नु पर्नेछ ।

(२) नगर प्रहरी कर्मचारीले आफ्नो कार्यालयको काम सम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतले दिएको आदेशलाई पालना गर्नु पर्नेछ ।

(३) प्रहरी कर्मचारीले सदैव आफ्नो प्रमुखको आदेशको मातहत (चेन अफ कमाण्ड ) मा रही कार्यसम्पादन गर्नुपर्नेछ ।

**२७. बाहिरी प्रभाव पार्न नहुने:** प्रहरी कर्मचारीले कार्यसम्पादनको सिलसिलामा कुनै अनुचित प्रभाव पार्ने वा पार्ने प्रयत्न गर्नहुँदैन ।

**२८. बहुविवाह गर्न नहुने:** प्रहरी कर्मचारीले प्रचलित कानून विपरीत हुनेगरी बहुविवाह वा अनमेल विवाह गर्न वा गराउनु हुँदैन ।

**२९. लैङ्गिक सम्वेदनशील हुनुपर्ने:** प्रहरी कर्मचारीले कार्यसम्पादन गर्दा लैङ्गिक सम्वेदनशीलतालाई ध्यान दिनुपर्नेछ ।

**३०. हातपात वा जोरजुलुम गर्न नहुने:** प्रहरी कर्मचारीले आफुभन्दा माथिल्लो वा मातहतको प्रहरी कर्मचारी उपर हातपात बा कुनै प्रकारको आक्रमण वा जोरजुलुम गर्न वा गराउन हुँदैन ।

## परिच्छेद-६
## सजाय र पुनरावेदन

**३१. सजायः**

(१) मनासिब माफिकको आधार प्रमाण भएमा प्रहरी कर्मचारीलाई देहायको सजाय हुन सक्नेछः-

(क) शारीरिक थकाई हुने (फटिक) सजाय गर्ने,

(ख) नसिहत दिने,

(ग) तलब वृद्धि वा पदोन्नति रोक्का गर्ने,

(घ) एक तह तलको पदमा घटुवा गर्ने ।

(ङ) भविष्यमा स्थानीय तहमा अयोग्य नठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने,

(२) प्रहरी कर्मचारीको लापरवाहीको कारण गाउँपालिकालाई कुनै हानि नोक्सानी भएको ठहर भएमा त्यस्तो हानि नोक्सानीको बिगो बमोजिमको रकम निजबाट असुल गरिनेछ ।

**३२. नसिहत दिने वा प्रतिकुल राय लेख्नेः** प्रहरी कर्मचारीले काममा साधारण लापरबाही गरेमा नसिहत दिन सकिनेछ। दुई पटकसम्म नसिहत दिँदा पनि निजले काममा लापरबाही गरेमा निजको चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकुल राय लेखिनेछ ।

**३३. तलब वृद्धि वा पदोन्नति रोक्नः** प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा सजाय गर्ने अधिकारीले निजको तलब वा पदोन्नति रोक्का गर्न सक्नेछ ।

**३४. दर्जा/तलब घटाउने/बर्खास्त गर्नेः** कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा सजाय गर्ने अधिकारीले तल्लो पद वा तल्लो टाइम स्केल वा त्यही टाइम स्केलको तल्लो स्केलमा ओराल्न सक्ने र गाउँपालिकालाई हानि नोक्सानी पुर्याएकोमा सो समेत निजबाट भराउन सक्नेछः-

(क) सन्तोषजनक काम नगरेमा,

(ख) अनुशासनहीन व्यवहार प्रदर्शन गरेमा,

(ग) पदीय आचरण उल्लंघन गरेमा,

(घ) मनासिव कारण नभई नियुक्ति भएको एक वर्ष भित्रै नोकरीबाट अलग हुन झुट्टा कारण देखाएमा,

(ङ) कार्यपालिकाले दिएको आदेश वा निर्देशन पालना नगरेमा वा कार्यान्वयन नगरेमा,

(च) मनासिव कारण नभई वा बिदा स्वीकृत नगराई बिदा बसेकोमा वा गैर हाजिर भएमा,

(छ) काममा लापरबाही गरेमा वा ऐन वा नियमको पालना नगरेमा ।

**३५. सजाय गर्ने अधिकारः**

(१) प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

(२) प्रमुख प्रशासकीय अधिकृतले आवश्यक ठानेमा स्वयं वा अन्यकुनै अधिकृतद्वारा जाँचबुझ गराउन सक्नेछ।
जाँचबुझ गर्ने अधिकृतले आवश्यकता अनुसार सम्बन्धित प्रहरी कर्मचारीलाई समेत बुझी कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुद प्रमाण दाखिला गर्नुपर्नेछ ।

(३) कुनै फौजदारी अभियोगमा पुर्पक्षको लागि थुनामा रहेको प्रहरी कर्मचारी थुनामा रहेको अवधि भर स्वतः निलम्बन हुनेछ ।

(४) यस दफा बमोजिम सजायको प्रकृया अबलम्बन गर्नु पूर्व प्रहरी कर्मचारीलाई सफाई पेश गर्ने मनासिब मौका
दिनुपर्नेछ ।

(५) फौजदारी अभियोग लागेको प्रहरी कर्मचारीले अभियोगबाट सफाई पाएमा निजले पूर्ववत सेवामा बहाल रहने सुविधा पाउनेछ ।

**३६. सजायको आदेश जाँचबुझको लागि दिनेः** दफा ३५ को उपदफा (२) बमोजिम जाँचबुझको काम समाप्त भएपछि सम्बन्धित प्रहरी कर्मचारीलाई निजसँग स्पष्टीकरण मागिएको भए निजले तोकिएको समयभित्र स्पष्टीकरण नदिएमा वा निजले दिएको स्पष्टीकरण चित्त बुझ्दो नभएमा प्रमुख प्रशासकीय अधिकृतले सजायको आदेश दिन सक्नेछ र त्यसरी दिइएको सजाय आदेशको एक प्रति निजलाई उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद-७
## प्रहरीको कर्मचारीको पोशाक

**३७. प्रहरीको कर्मचारीको पोशाकः** प्रहरी कर्मचारीको पोशाकको रंङ, किसिम र अन्य विवरण गाउँपालिकाले तोकेबमोजिम हुनेछ ।

**३८. प्रारम्भिक पोशाक र सामानः** प्रहरी कर्मचारीलाई कार्यपालिकाले तोकिदिए बमोजिमको पोशाक र सामान उपलब्ध गराइनेछ ।

**३९. जाडो मौसमका लागि दिइने पोशाकः** प्रत्येक प्रहरी कर्मचारीलाई जाडो मौसमको लागि पोशाक कार्यपालिकाले तोकेअनुसार गाउँपालिकाबाट उपलब्ध गराइनेछ ।

## परिच्छेद-८
## विविध

**४०. पुरस्कार तथा प्रोत्साहनः** प्रहरी कर्मचारीले कर्तव्यपालनको सिलसिलामा उल्लेखनीय प्रशंसनीय कार्य गरेमा त्यस्तो प्रहरी कर्मचारीलाई पुरस्कार तथा प्रोत्साहन स्वरूप रकम वा अन्य सुविधा गाउँपालिकाबाट उपलब्ध गराउन सकिनेछ ।

**४१. चाडवाड खर्च पाउनेः** प्रहरी कर्मचारीले प्रत्येक वर्ष निजले खाईपाई आएको एक महिनाको तलब बराबरको रकम चाडवाड खर्चको रुपमा पाउनेछ ।

**४२. यसै ऐन बमोजिम हुनेः** प्रहरी कर्मचारीको पारिश्रमिक, सेवाका शर्त तथा अन्य सुविधा यस ऐनमा व्यवस्था भएकोमा यसै ऐनबमोजिम हुनेछ । यस ऐनमा व्यवस्था नभएका विषयका हकमा प्रचलित कानून बमोजिम गाउँकार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

**४३. नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउने अधिकारः** यस ऐनको कार्यान्वयन गर्नको लागि गाउँपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्नसक्नेछ ।

## अनुसूची-१
## (दफा ९ को उपदफा (१) सँग सम्बन्धित)
## नगर प्रहरी सहायक निरीक्षकको पदको लागिआवश्यक न्यूनतम योग्यताः

(१) नेपाल प्रहरी, ससस्त्र प्रहरी वा नेपाली सेना बाट सेवा अवकास भई ४५ वर्ष उमेर ननाघेको
(२) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरेको,
(३) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,
(४) कुनै राजनीतिक दल र सो दलको भातृ संस्था संगठनको सदस्य नरहेको,
(५) मानव अधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको,
(६) पुरुषको हकमा घटीमा उचाई ५ फिट २ इन्च छाति ३१/३३, तौल ४५ के.जी. भएको,
(७) महिलाको हकमा घटीमा उचाई ५ फिट र तौल ४५ के.जी. भएको,
(८) आँखा माइनस २ वा प्लस २ भन्दाबढी कमजोर नभएको,
(९) कुनै सरकारी अस्पतालबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको,
(१०) नेपाली नागरिक,
(११) कुनै विध्वंसात्मक कार्यमा संलग्न नरहेको,
(१२) भविष्यमा सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नभएको ।

## अनुसूची-२
## (दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

नगर प्रहरी हवल्दार पदको लागिआवश्यक न्यूनतम योग्यता

(१) नेपाल प्रहरी, ससस्त्र प्रहरी वा नेपाली सेना बाट सेवा अवकास भई ४५ वर्ष उमेर ननाघेको
(२) कम्तीमा दश कक्षा वा सो सरह उत्तीर्ण गरेको,
(३) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,
(४) कुनै राजनीतिक दल र सो दलको भातृ संस्था संगठनको सदस्य नरहेको,
(५) मानव अधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको,
(६) पुरुषको हकमा घटीमा उचाई ५ फिट २ इन्च छाति ३१/३३, तौल ४५ के.जी. भएको,
(७) महिलाको हकमा घटीमा उचाई ५ फिट र तौल ४५ के.जी. भएको,
(८) आँखा माइनस २ वा प्लस २ भन्दाबढी कमजोर नभएको,
(९) कुनै सरकारी अस्पतालबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको,
(१०) नेपाली नागरिक,
(११) कुनै विध्वंसात्मक कार्यमा संलग्न नरहेको,
(१२) भविष्यमा सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नभएको ।

## अनुसूची-३
## (दफा ९ को उपदफा (३) सँग सम्बन्धित)
## नगर प्रहरी जवान पदको लागिआवश्यक न्यूनतम योग्यताः

(१) दरखास्त फारम दर्ता गर्ने अन्तिम मितिसम्म अठार वर्ष उमेर पुगेको र चालिस वर्ष ननाघेको
(२) आठ कक्षा वा सो सरह उत्तीर्ण गरेको,
(३) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,
(४) कुनै राजनीतिक दल र सो दलको भातृ संस्था संगठनको सदस्य नरहेको,
(५) मानव अधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको,
(६) पुरुषको हकमा घटीमा उचाई ५ फिट २ इन्च छाति ३१-३३, तौल ४५ के.जी. भएको,
(७) महिलाको हकमा घटीमा उचाई ५ फिट र तौल ४५ के.जी. भएको,
(८) आँखा माइनस २ वा प्लस २ भन्दाबढी कमजोर नभएको,
(९) कुनै सरकारी अस्पतालबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको,
(१०) नेपाली नागरिक,
(११) कुनै विध्वंसात्मक कार्यमा संलग्न नरहेको,
(१२) भविष्यमा सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नभएको ।

आज्ञाले
बोधराज बस्याल
प्रमुख प्रशासकीय अधिकृत